Public Health England

NHS

# TB, BCG खोप

## र तपाईंको बच्चा



immunisation

तपाईँको बच्याको रक्षा गर्ने सबैभन्दा सुरक्षित तरिका

**यो पुस्तिका तपाईंको बच्चालाई क्षयरोग (TB) लाग्नबाट बचाउन दिइने BCG (Bacillus Calmette-Guérin) खोपका बारेमा हो ।**

## BCG कस्तो खोप हो ?

BCG खोपमा क्षयरोग (TB) सार्ने व्याक्टेरिया (कीटाणु) को कमजोर रूप सामेल हुन्छ । यो कमजोर ब्याक्टेरिया भएकाले यसले क्षयरोग (TB) लाग्दैन तर यसले तपाईंको बच्चा कुनै बेला क्षयरोग लाग्ने ब्याक्टेरियाको सम्पर्कमा आउनुभयो भने त्यसका विरुद्ध सुरक्षा (प्रतिरोधात्मक क्षमता) विकास गर्न मद्दत गर्छ । BCG खोप विशेष गरी बच्चा तथा साना बालबालिकाहरूलाई TB मेनिन्जाइटिस (मष्तिस्क छोप्ने पर्दा सुन्निनु) जस्ता क्षेयरोग (TB) का दुर्लभ र गम्भीर रुपवाट रक्षा गर्न प्रभावकारी हुन्छ ।

## क्षयरोग (TB) कस्तो रोग हो?

क्षयरोग (TB) ब्याक्टेरियाबाट हुने सङ्क्रमण हो । यसले साधारणतया फोक्सोमा असर गर्छ तर यसले शरीरको अन्य भागमा पनि असर गर्न सक्छ । क्षयरोग (TB) लाग्ने कीटाणुले सङ्क्रमण हुँदैमा क्षयरोग (TB) विकसित हुन्छ भन्ने छैन । क्षयरोग शरीरमा सुस्त गतिमा विकसित हुँदै जान्छ र यसका लक्षणहरू देखिन धेरै महिना लाग्छ । क्षयरोग (TB) सङ्क्रमण भएका धेरैजसो व्यक्तिहरूमा कहिल्यै पनि क्षयरोग (TB) रोग विकसित हुँदैन । यी व्यक्तिहरूमा क्षयरोग सार्ने ब्याक्टेरिया जीवनभर निष्क्रिय रहन्छन् । अन्य व्यक्तिहरूमा (उदाहरणका लागि, कमजोर प्रतिरोधात्मक प्रणाली भएका व्यक्तिहरू) ब्याक्टेरिया सक्रिय रहन सक्छ र यसले गर्दा क्षयरोग लाग्न सक्छ । यस देशमा क्षयरोग लागेका अधिकांश मानिसहरू उपचारपछि पूर्णतया निको हुन्छन् । तर निको हुन धेरै महिना लाग्छ ।

## क्षयरोग (TB) का लक्षणहरू के-के हुन्?

क्षयरोगले शरीरको कुनै पनि भागमा असर गर्न सक्छ । सबैमा एकै खालका लक्षणहरू देखिन्छ भन्ने छैन र बच्चामा देखिने लक्षणहरू वयस्कमा देखिने लक्षण भन्दा फरक हुन सक्छ । क्षयरोग (TB) एक सङ्क्रामक रोग भएकाले, तपाईंले अरु कसैमा यो रोग देखिएमा पहिचान गर्न सक्नु महत्त्वपूर्ण छ ।

तपाईं, तपाईंको बच्चा वा परिवारका अन्य कुनै सदस्यमा तलका मध्ये कुनै लक्षण देखिएको छ भने तपाईंले डाक्टरलाई सम्पर्क गर्नुपर्छ:

- तीन हप्तासम्म लगातार खोकी लागेमा
- ज्वरो आएमा
- पसिना आउने भएमा, विशेष गरी रातमा
- व्याख्या नभएर तौल घटेमा
- सामान्य र अनियमित तवरले थकाई लागेमा र विसन्चो महसुस गरेमा
- खोक्दा रगत आएमा

## क्षयरोग (TB) कसरी सर्छ?

फोक्सो वा घाँटीमा सङ्क्रमण भएको व्यक्तिले खोक्दा मात्रै तपाईंमा क्षयरोग (TB) सर्न सक्छ । त्यस्ता व्यक्तिले खोक्दा ब्याक्टेरिया रहेका सूक्ष्म कणहरू निस्कन्छन् । तपाईंले त्यस्ता सङ्क्रमित कणहरू सास फेर्दा निल्नुभयो भने तपाईंमा पनि सङ्क्रमण सर्न सक्छ । सङ्क्रमण सर्ने जोखिममा हुनका लागि सङ्क्रमित व्यक्तिसँग लामो समयसम्म नजिकको सम्पर्कमा रहनुपर्छ । उदाहरणका लागि, एउटै घरमा बस्दा ।

## क्षयरोग (TB) कतिको सामान्य छ?

सन् १९५० को दशकमा बेलायतमा प्रत्येक वर्ष ५०,००० भन्दा बढी नयाँ मानिसहरूमा क्षयरोग देखिन्थ्यो । अहिले, यो सङ्ख्या घटेर प्रति वर्ष झन्डै ६,००० को हाराहारीमा नयाँ क्षयरोगीको सङ्ख्या पुगेको छ । त्यसैले, तपाईंलाई क्षयरोग (TB) सङ्क्रमण हुने सम्भावना नरहे पनि क्षयरोगका लक्षणका बारेमा हामी सबै सचेत रहनु पर्छ ।

क्षयरोग विश्वभर फैलिएको रोग भएकाले पनि यसबारे थाहा पाउनु विशेष गरी महत्वपूर्ण छ ।

क्षयरोगका बिरामीहहरूको उच्च दर रहेका देशमा बसोबास गरेका वा काम गरेका मानिसहरूमा यो रोग लाग्ने जोखिम उच्च हुन्छ । यस्ता परिवारका बालबालिकाहरू आफ्नो समुदायका सङ्क्रमित व्यक्तिहरूसँग नजिकको सम्पर्कमा रहने बढी सम्भावना हुन्छ, चाहे त्यो बेलायतमा होस् वा उनीहरूको देशमा होस् ।

## मेरो बच्चालाई किन BCG खोप लगाउन भनिएको छ?

अन्य धेरै देशहरूमा जस्तै, बेलायतमा पनि क्षयरोग लागेका व्यक्तिसँग सम्पर्कमा आउने सम्भावना भएका बच्चाहरूलाई BCG खोप लगाउन भनिन्छ । यसमा क्षयरोगको दर उच्च रहेको क्षेत्रमा बसोबास गर्ने बच्चाहरू वा क्षयरोगको दर उच्च रहेका देशबाट आएका आमाबुबा वा हजुरबुबा/हजुरआमासँग बस्ने बच्चाहरू सामेल छन् । (थप जानकारीको लागि पृष्ठ ७ हेर्नुहोला)

## मेरो बच्चालाई कसरी खोप लगाइन्छ?

तपाईंको बच्चाको देब्रे पाखुराको माथिल्लो भागमा BCG खोप लगाइने छ ।

यो खोप तपाईंको बच्चा जन्मिएपछि अस्पतालमै रहँदा लगाउन भनिने छ । तर यो बच्चा पाँच वर्ष नपुगुन्जेल जुनसुकै बेला पनि दिन सकिन्छ ।

## यसका कुनै प्रतिकूल असर (साइड इफेक्ट) छन्?

सुई लगाउने बित्तिकै छालामा फोका देखा पर्ने छ । यसले सुई सही तरिकाले लगाइएको छ भन्ने जनाउँछ ।

सुई लगाएको दुईदेखि छ हप्ताभित्र एउटा सानो फोका जस्तो देखा पर्ने छ । यो केही दिनसम्म दुख्न सक्छ, तर तपाईंले यसलाई छोप्नु भएन भने विस्तारै निको हुने गर्छ । यसबाट सानो दाग बस्न सक्छ ।

कहिलेकाहीँ, तपाईंको बच्चाको खोप लगाएको ठाउँमा सानो घाउ हुन सक्छ । त्यसबाट तरल पदार्थ आयो र छोप्नु पर्ने भयो भने पाप्रा ननिस्केसम्म सुख्खा ड्रेसिङ प्रयोग गर्नुहोस् । तर कहिल्यै पनि प्लास्टर नगर्नुहोस् । यो घाउ निको हुन केही महिनासम्म लाग्न सक्छ ।

तपाईंलाई चिन्ता लाग्यो वा घाउमा सङ्क्रमण भयो भन्ने लागेमा डाक्टरलाई देखाउनुहोस् ।



## मेरो बच्चाले BCG खोप लगाउन नहुने कुनै कारण छ?

अन्य खोपमा जस्तै, निम्न अवस्था देखिएमा यो खोप लगाउनु हुँदैन वा खोप लगाउने समय पर सार्नुपर्छ:

- बच्चालाई उच्च ज्वरो आएको छ भने ।
- बच्चाको छालामा सङ्क्रमण भएको छ भने । (यदि दाद आएको छ भने, घाउ नभएको ठाउँ छानेर खोप लगाइने छ) ।

बिरलै मात्र, कमजोर रोग प्रतिरोधात्मक प्रणाली भएका बालबालिकामा खोपमा रहेका ब्याक्टेरियाले गर्दा गम्भीर सङ्क्रमण हुन सक्छ ।

तपाईंको बच्चाको प्रतिरोधात्मक प्रणाली कमजोर छ वा कमजोर भएको शङ्का गरिएको छ भने यसबारे तपाईंले डाक्टर वा नर्सलाई बताउनु अत्यन्तै महत्त्वपूर्ण छ । उदाहरणका लागि:

- तपाईंको बच्चामा क्यान्सर वा अन्य गम्भीर रोगको उपचार भइरहेको छ ।
- गर्भावस्थामा बच्चाको आमालाई रोग प्रतिरोधात्मक क्षमता कमजोर गराउने खालको बायोलोजिकल थेरापी दिइएको थियो ।
- परिवारको इतिहासमा प्रतिरोधात्मक प्रणालीसँग सम्बन्धित समस्या छ (एचआईभी समेत) ।



## कस्ता बच्चालाई BCG खोप दिन आवश्यक छ

तपाईं सबै बच्चालाई BCG को खोप लगाउन नभनिएको क्षेत्रमा बस्नुहुन्छ भने पनि तपाईंको बच्चालाई खोप दिन आवश्यक हुन सक्छ ।

तपाईंले तलकामध्ये कुनै पनि प्रश्नको जवाफ ‘**हो**’ भनेर दिनुभयो भने तपाईंले डाक्टर वा नर्सलाई आफ्नो बच्चालाई BCG खोप लगाउने बारे सोधपुछ गर्नुपर्छ ।

- तपाईंको बच्चा, बच्चाको आमा, बुबा, हजुरबुबा/हजुरआमा वा तपाईंसँग बस्ने कुनै व्यक्ति क्षयरोगको दर उच्च रहेको देशबाट आउनुभएको छ?
- के तपाईं र तपाईंको बच्चा क्षयरोगको दर उच्च रहेका यस्ता देशका साथीभाइ वा परिवारसँग बस्न जाँदै हुनुहुन्छ?
- तपाईंसँग बस्ने वा तपाईंको बच्चासँग धेरै समय बिताउने कुनै व्यक्तिलाई क्षयरोग लागेको छ वा विगतमा लागेको थियो?



क्षयरोग (TB) को उच्च दर भएका राष्ट्रहरू यहाँ उल्लेखित विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) को तथ्यांकबाट लिइएको हो:

**www.gov.uk/government/publications/tuberculosis-tb-by-country-rates-per-100000-people**

## के मैले थाहा पाउनुपर्ने अन्य कुनै कुरा छ?

तपाईंको बच्चाले BCG को खोप जहिले लगाए पनि आठ हप्ताको उमेर पुगेपछि नियमति खोप लगाउन सुरु गर्न सक्छन् । तपाईंको बच्चालाई BCG खोप लगाएपछि कम्तीमा पनि आगामी तीन महिनासम्म त्यही पाखुरामा अर्को खोप लगाउनु हुँदैन; अन्यथा खोप दिएको ठाउँको ग्रन्थीहरू सुन्निन सक्छन् ।

भविष्यका सन्दर्भका निम्ति तपाईंको बच्चाको व्यक्तिगत बाल स्वास्थ्य रेकर्ड (रातो पुस्तिका) मा BCG खोप लगाएको रेकर्ड राखिएको छ भन्ने सुनिश्चित गर्नुहोस् ।



## थप जानकारी

तपाईं क्षयरोग (TB) वा BCG खोप वा अन्य कुनै खोपका बारेमा थप जानकारी चाहनुहुन्छ भने आफ्नो डाक्टर, स्वास्थ्य भ्रमणकर्ता, सुँडेनी वा नर्ससँग कुरा गर्नुहोस्; वा हाम्रो वेबसाइटमा हेर्नुहोस् **www.nhs.uk/vaccinations.**

**याद राख्नुहोस्, क्षयरोग (TB को उपचार गर्न धेरै लामो समय लाग्छ, तर यसलाई रोकथाम गर्न त्यो भन्दा निकै सजिलो छ ।**

NHS

©Crown सर्वाधिकार सुरक्षित 2019

2900193B 75K 1p FEB 2019 (APS)

यो पुस्तिकाको अझै थप प्रति अर्डर गर्न

यहाँ जानुहोस्: **www.orderline.dh.gov.uk** वा दिइएको नम्बरमा फोन गर्नुहोस्: 0300 123 1002, मिनिकम (Minicom): 0300 123 1003 (बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म, सोमबारदेखि शुक्रबार) ।